9

आज मिति २०७६ साल भाद्र महिनाको ३० गते सोमवार दिउँसो १:०० बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको २६ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्त सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सचिव गाउँ कार्यपालिका | |

**बैठक व्यवस्थापनमा सहभागी कर्मचारीहरु**

१. श्रम बहादुर सिंह    कार्यक्रम अधिकृत

२. गोविन्द ब. सिंह    अधिकृत छैठौं

## प्रस्ताव तथा निर्णयहरुको विस्तृतीकरण यस प्रकार छ ।

## प्रस्ताव नं. १ आ.ब. २०७५।७६ को वार्षिक समीक्षा गोष्ठी सम्बन्धमा ।

**निर्णय नं. १ :** यस गाउँपालिकाको आ.व. २०७५।७६ को वार्षिक समीक्षा गोष्ठी पालिका स्तरीय रुपमा आयोजना गर्नु पर्ने भएकोले व्यापक रुपमा प्रचार प्रसार गरी पालिका भित्रका सम्पूर्ण सम्वन्धित महानुभावहरुलाई पत्राचार गर्ने र उक्त गोष्ठी कार्यक्रम यही २०७६ साल असोज महिनाको २९ र ३० गते आयोजना गरी दुई दिनमा सम्पन्न गर्ने निर्णय गरियो । साथै उक्त गोष्ठीको तयारीका लागि श्री श्रम बहादुर सिंह र खगेन्द्र बोहोरालाई जिम्मा दिने समेत निर्णय गरियो ।

प्रस्ताव नं. २ : करार कर्मचारी सम्बन्धमा ।

लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई नआउन्जेल सम्मका लागि कार्यालयको कामको चाप र गाउँपालिकाको आवश्यकतालाई मध्यनजर गरी गत वर्षदेखि काम गर्दै आइरहेका का.स., लेखा प्रशासन सहायक, स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरुको तीन महिनाको लागि म्याद थप गर्ने ।

प्रस्ताव नं. ३ बालपोषण अनुदान सम्बन्धमा ।

सामाजिक सुरक्षा अन्तर्गत बालपोषण भत्ता वितरण गर्दा नेपाल सरकार वा अन्य सार्वजनिक ढुकुटीबाट सेवा, सुविधा वा पारिश्रमिक लिने व्यक्तिहरुका सन्ततिलाई उक्त भत्ता वितरण नगर्ने निर्णय गरियो । यदि त्यस्तो व्यक्तिका सन्ततिलाई भत्ता वितरण गरेको पाईएमा वितरण गर्ने कार्यमा सहभागी हुने जनप्रतिनिधि, पदाधिकारी वा कर्मचारीबाट असुल उपर गरी कारबाही गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ : अपागंता परिचय पत्र वितरण सम्बन्धमा ।

निर्णय नं. ४ : गत आ.व. देखि नै शुरु गरिएको अपागंता परिचय पत्र वितरणका लागि प्रत्येक वडाहरुमा पटक पटक पत्राचार गर्दा समेत अपागंता भएका व्यक्तिहरुको नयाँ तथा पुराना दुबै खाले परिचय पत्र वितरण गर्ने कार्य हाल सम्म पनि शुरु गर्न नसकिएको सन्दर्भमा प्रत्येक वडा कार्यालयहरुले आफ्नो वडा भित्रका सार्वजनिक सूचना जारी गरी यही असोज महिनाको ३ गते भित्र उक्त व्यक्तिहरुका निवेदन संकलन गरी गाउँपालिकाको कार्यालयमा पठाउनका लागि अन्तिम ताकेता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : गत वर्ष खरिद भई वितरण हुन नसकेको गहुँको बीउ सम्बन्धमा ।

निर्णय नं. ५ : गत वर्ष कृषि शाखाका प्राविधिक श्री रग बहादुर बपालले यस कार्यालयबाट पेश्की लिई २४० क्वीन्टल गहुँको बीउ खरिद गरी १०८ क्वीन्टल बीउ कृषकलाई वितरण गरिएको र बाँकी रहेको १३२ क्वीन्टल बीउ भण्डार गरी कालिमाटी र कृषि शाखामा राखिएकोमा उक्त बीउ यस वर्ष छर्न योग्य नभएको भनी कृषि शाखाका अधिकृत श्री ऐन वहादुर कार्कीबाट प्रतिवेदन प्राप्त भएकोले तत्काल उक्त बीउलाई प्रयोगशालामा परिक्षण गर्न लगाई छर्न योग्य भएको खण्डमा कृषकलाई वितरण गर्ने । यदि प्रयोगशालाको रिर्पोटबाट छर्न योग्य नभएको खण्डमा उक्त बीउलाई प्रहरी मुचुल्का खडा गरी नष्ट गर्ने । यस कार्यको जिम्मेवारी यस गाउँपालिकाका कृषि शाखाका अधिकृत श्री ऐन ब.कार्कीलाई प्रदान गर्ने ।

प्रस्ताव नं. ६ : भौतिक पूर्वाधार  तर्फका योजनाहरुको डि.पी. आर, IEE/EIA तयार गर्ने सम्बन्धमा ।

निर्णय नं. ६(क) : यस गाउँपालिकाबाट आ.ब. २०७६।७७ देखि संचालन हुने तथा अन्य आगामी वर्षमा संचालन हुने देहाय बमोजिमका दिर्घकालीन आयोजनाहरुको डि.पी.आर तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याकंनका रिपोर्टहरु तयार गर्ने कार्यलाई तत्काल अगाडी बढाउने निर्णय गरियो ।

तपसिल :

१. वडा कार्यालय भवन (वडा नं. २, ५ र ८)

२. स्वास्थ्य चौकी नाकवडा वडा नं. ५

३. पोलिक्लिनिक भवन, बारेकोट १ रामीडाँडा

४. खेलकुद रंगशाला, बारेकोट, २ देउल चौर(जग्गा प्रयाप्त भएमा यदि जग्गा प्रयाप्त नभएको खण्डमा उपयुर्क्त अन्य स्थानमा)

५. कार्कीज्युला, सुवाकोट हुँदै लुहाग जोड्ने सडक

६. कार्कीज्यूला, घर्तीगाउँ हुँदै धुम जोड्ने सडक

७. देउलचौर, कोटली हुँदै १ नं. वडा कार्यालय जोड्ने सडक

८. दह देखि वडा ४ कार्यालय हुँदै गोठगाउँ जाल्तरी जोड्ने सडक

९. घाट, बालुवा, गोठगाउँ हुँदै वडा नं. ४ को कार्यालय जोड्ने सडक

१०. बारेकोट रिगंरोड(सम्पूर्ण वडा कार्यालयलाई समेट्ने गरी)

११. ध्यापाटाकुरा लिम्सा सडक(प्रारम्भिक वातावरणीय परीक्षण)

१२. लिम्सा, हानेसल्ला सडक(प्रारम्भिक वातावरणीय परीक्षण)

१३. लिम्सा, दह सडक(प्रारम्भिक वातावरणीय परीक्षण)

१४. लिम्सा, मुल्साम सडक(प्रारम्भिक वातावरणीय परीक्षण)

१५. गाउँपालिकाको प्रशासकीय भवन

१६. प्रहरी चौकी, नायकवडा

१७. प्रहरी चौकी, लिम्सा

१८. सेपुखोला बेली बृज

१९. सक्ला चौर बेली बृज

२०. कोल्लेनी बेली बृज

२१. काउली बेली बृज

२२. कार्कीज्युला बेली बृज

निर्णय नं. ६(ख) माथि उल्लेखित योजनाहरुको डि.पी.आर गर्नका लागि गाउँसभाबाट रु. १५ लाख मात्र बजेट विनियोजन भएकोमा उक्त योजनाहरुको डि.पी.आर तयार गर्नका लागि बजेट अपुग हुने भएकोले तपसिल अनुसारका सम्बन्धित आयोजनाहरुबाट रकम व्यवस्थापन गर्ने निर्णय गरियो । साथै त्यसरी समेत बजेट अपुग भएमा भैपरी बाँडफाँट शिर्षकबाट रकमान्तर गरी बजेटको व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | डि.पी.आर तयार गर्न पर्ने आयोजना तथा कार्यक्रमहरुको प्याकेज | आवश्यक पर्ने अनुमानित बजेट | खर्च लेख्ने वा रकमान्तर गर्ने कार्यक्रम वा आयोजनाको शिर्षक |
|---|---|---|---|
| १ | ४ वटा सडकहरुको आई. ई.ई | रु १७ लाख | उक्त ४ वटा सडकबाट रु. ५ लाखका दरले डि.पी.आर.लाई खर्च छुट्याई आवश्यक खर्च लेख्ने । |
| २ | ४ वटा बली वृजहरुको डि.पी.आर गर्ने कार्य | रु. २० लाख | सर्भे शिर्षकबाट खर्च लेख्ने र बाँकी रु. २० लाख भैपरी बजेट बाँडफाँट शिर्षकबाट रकमान्तर गरी खर्च लेख्ने । |
| ३ | कार्कीज्युल्ला, सुवाकोट सडकको डि.पी.आर. | रु. ५ लाख | सम्बन्धित आयोजनाबाट रु. ५ लाख डि.पी.आर.का लागि खर्च लेख्ने । |
| ४ | प्रशासकीय भवन र पोली टेक्नीकल | रु. २० लाख | भैपरी बाँडफाँट शिर्षकबाट रु. २० लाख रकमान्तर गर्ने |

प्रस्ताव नं. ७ : विशिष्ट व्यक्तिहरु तथा नि:शुल्क जग्गा दान गर्ने व्यक्तिलाई सम्मान तथा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सम्वन्धमा ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथिको व्यापक छलफलवाट देहायका निर्णयहरु गरियो ।

७(क) यस गाउँपालिकाका वडा नं. ५ का वडा अध्यक्ष श्री अजविर सिहं(उमेर ८२ वर्ष) पञ्चायतकालीन समयदेखि तत्कालीन गाउँ पञ्चायत तथा बहुदल पश्चात निरन्तर राजनीतिक तथा सामाजिक क्षेत्रमा क्रियाशील रही स्थानीय स्तरमा कुशल राजनीतिक नेतृत्व प्रदान गरी अग्रणी भूमिका निर्वाह गरेको साथै निजको स्वच्छ छवि र वयोवृद्ध अवस्थामा समेत जनताको विश्वासका कारण निर्वाचनद्धारा वडा अध्यक्ष पदमा विजयी भई जनताको आशा र भरोसालाई केन्द्रविन्दूमा राखी सँधै विवादरहित छवि बनाई अनुकरणीय व्यक्तिको पहिचान बनाउन सफल भएको कुरा यस गाउँ कार्यपालिकालाई महसुस भएको छ । तसर्थ निजको उक्त कार्यको उच्च मूल्याकंन गरी समाज परिवर्तनलाई थप मजबुद बनाउन अन्य व्यक्तिलाई समेत हौसला मिलोस् भन्ने हेतुले निजको कुशल नेतृत्वलाई प्रशंसा गर्न यही २०७६ सालको सहिद दिवसको अवसरमा सम्मान गर्ने निर्णय गरियो ।

७(ख) यस गाउँपालिकालाई निःस्वार्थ एवं निःशुल्क जग्गा दान गर्ने व्यक्तिहरुको तथ्याकं संकलन गरी त्यस्ता महानुभावहरुलाईसम्मान गर्ने निर्णय गरियो ।

७(ग) कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

आ.व. २०७५।७६ मा गाउँपालिका भित्रका विभिन्न शाखामा रही कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्न सफल पदाधिकारी तथा कर्मचारीहरुलाई पुरस्कृत गर्नका लागि पाँच सदस्यीय एक सिफारिस समिति गठन गर्ने । उक्त सिफारिस समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संयोजक : शशिराम गौतम | (वडा अध्यक्ष वडा नं. ९) |
| सदस्य : बसन्त शाही | (वडा अध्यक्ष वडा नं. ७) |
| सदस्य : सिर्जना बस्नेत | (वडा अध्यक्ष वडा नं. ४) |
| सदस्य : ऐन बहादुर परियार | कार्यपालिका सदस्य |
| सदस्य सचिव : रुद्र बहादुर पछाई | प्रमुख प्रशासकीय अधिकृत |

उक्त समितिले छनौटको मापदण्ड तय गरी देहाय बमोजिमका विषय, सेवा र क्षेत्र अनुसार देहाय बमोजिमको संख्यामा उत्कृष्ट पदाधिकारी तथा कर्मचारी छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने र कार्यपालिकाले उक्त सिफारिसलाई मुल्याकंन गरी अन्तिम सूची अनुसार पुरस्कृत गर्ने ।

तपसिल :

| क्र. सं. | शाखा, क्षेत्र | जम्मा पदाधिकारी वा कर्मचारी संख्या | सिफारिस गर्नु पर्ने संख्या | छनौट गर्नु पर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा अध्यक्षहरु मध्येबाट | ९ | २ | १ | |
| २ | गाउँसभा सदस्यहरु मध्ये(पुरुष) | ३१ | ३ | १ | |
| | गाउँसभा सदस्यहरु मध्ये( महिला) | १८ | ३ | १ | |
| | कार्यपालिका सदस्यहरु मध्ये | १७ | २ | १ | |
| ५ | विषयगत शाखा प्रमुखहरु मध्येबाट | ५ | २ | १ | |
| ६ | स्वास्थ्य शाखा वा सो अन्तर्गतबाट | २५ | २ | १ | |
| ७ | पशुपंक्षी विकास शाखा वा सो अन्तर्गतबाट | १६ | २ | १ | |
| ८ | कृषि शाखाा वा सो अन्तर्गत | ४ | २ | १ | |
| ९ | वडा सचिव वा लेखा प्रशासन सहायकहरुमध्ये | १३ | ३ | १ | |
| १० | कार्यालय सहयोगीहरुमध्ये ( स्वास्थ्य संस्था) | १९ | ५ | २ | |
| ११ | कार्यालय सहयोगीहरुमध्ये ( शिक्षण संस्था) | ५० | ६ | २ | |
| १२ | कार्यालय सहयोगीहरुमध्ये ( पालिका वा सो अन्तर्गतका विषयगत शाखाहरु) | १७ | ६ | २ | |
| १३ | वर्थिग सेन्टरमा कार्यरत कर्मचारीहरु मध्ये | ४ | २ | १ | |
| १४ | प्र.अ.हरुमध्ये | ४३ | ६ | ३ | मा.वि., आधारभूत र प्रा.विभाद |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | शिक्षकहरु मध्ये | १५० | १२ | ७ | १० जना<br>मा.वि., आधारभूत र प्रा.विबाट १० जना र बालविकास तर्फ १ जना |

प्रस्ताव नं. ८: आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. ८(क) : गत वर्ष निर्णय भई आर्थिक सहायता प्रदान गर्न बजेट अपुग भएकोले यस आ.व.मा उक्त शिर्षकबाट पार्वती सिंहलाई रु. १६० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

निर्णय नं. ८(ख) : प्राकृतिक विपद् तथा दुर्घटनामा परी मृत्यु भएका देहायका व्यक्तिका प्रत्येक परिवारलाई आवश्यक प्रमाणका आधारमा जनही रु. १५ हजार आर्थिक सहायता प्रदान गर्ने । उक्त खर्च विपद् व्यवस्थापन शिर्षकबाट गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स. | मृतकको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | कृष्ण नेपाली बारेकोट १ | |
| २ | शित्तल घर्ती बारेकोट १ | |
| ३ | ~~[illegible]~~र्ती, बारेकोट २ ([illegible]) | |
| ४ | डिल्ली घर्ती, बारेकोट २ | |
| ५ | वीर बहादुर रोकाय, बारेकोट २ | |
| ६ | नन्दवीर नेपाली, बारेकोट २ | |
| ७ | मन बहादुर रोकाया, बारेकोट २ | |
| ८ | जैधन नेपाली ,बारेकोट ४ | |
| ९ | अमर बहादुर खुना | बारेकोट ४ |
| १० | भिम राज ~~सिंह~~ शाही | बारेकोट ५ |
| ११ | | बारेकोट ५ |
| १२ | कृष्ण बहादुर सिंह | बारेकोट ५ घाट |
| १३ | रमेश चलाउने बारेकोट ६ | |
| १४ | शेर बहादुर चलाउने, बारेकोट ६ | |
| १५ | मोहन चलाउने, बारेकोट ६ | |
| १६ | पुजा वि.क.बारेकोट ६ | |
| १७ | बारेकोट ७, कोषाध्यक्ष | |
| १८ | युवराज कुमाई बारेकोट ८ | |
| १९ | मायामा कुमाई | बारेकोट ८ |
| २० | गिता खत्री | बारेकोट ८ लैखम |
| २१ | रन बहादुर खड्का बारेकोट ९ | |

प्रस्ताव नं. ९ : रकमान्तर सम्बन्धमा ।

निर्णय नं. ९ : यस गाउँपालिकाको क्रमागत रुपमा संचालित ४ नं. वडा कार्यालयको भवन निर्माणका लागि गाउँसभाबाट विनियोजन भएको बजेट अपुग भएकोले हाललाई कार्यसम्पादनका आधारमा भैपरी बाँडफाँट शिर्षकबाट रु. १० लाख उक्त आयोजनालाई पुरा गर्न रकमान्तर गर्ने निर्णय गरियो ।